
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ २४ गते बुधबार ❑ 7 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## गण्डकीका ६४ प्रतिशत घरधुरीमा निजी धारा

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

गण्डकी प्रदेश सरकारले आगामी दुई वर्षभित्र प्रदेशका सबै घरधुरीमा आधारभूत स्तरको खानेपानी सेवा पुऱ्याउने लक्ष्य लिएको छ । प्रदेश सरकार उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका अनुसार हालसम्म ६४ प्रतिशत घरधुरीमा निजी धारा पुगेको छ ।

मन्त्रालयका सचिव इन्जिनियर गणेशराज वस्तीले पहिलो प्रदेश सरकार गठन भएयताका छ वर्षमा एक लाख ३६ हजार तीन सय ४७ घरधुरीमा खानेपानी धारा जडान गरिएको जानकारी दिनुभयो । "चालु आर्थिक वर्षमा थप ३० हजार धारा जडान गर्ने लक्ष्य लिइएकामा पहिलो चौमासिकमा छ हजार पाँच सय ५३ धारा जडान भइसकेको छ", उहाँले भन्नुभयो, "प्रदेशका सबै घरधुरीमा आधारभूत स्तरको खानेपानी सेवा पुऱ्याउन 'एक घर, एक धारा' कार्यक्रम सञ्चालित छ ।" सो कार्यक्रमको निरन्तरतासहित जीर्ण खानेपानी आयोजनाहरुको मर्मतसम्भार गरी दुई वर्षभित्रमा प्रदेशका सबै घरधुरीमा खानेपानी सेवा पुऱ्याउने लक्ष्य लिइएको सचिव वस्तीले बताउनुभयो । "हालसम्म प्रदेशको ९४ दशमलव २५ प्रतिशत जनसङ्ख्यामा आधारभूत स्तरको खानेपानी सुविधा पुगेको छ, यसलाई छिट्टै शतप्रतिशतमा पुऱ्याउने गरी काम भइरहेको छ", उहाँले भन्नुभयो ।

सविच वस्तीका अनुसार मध्यम तथा उच्च गुणस्तरयुक्त खानेपानीको पहुँच भने जम्मा १८ दशमलव दुई प्रतिशत जनसङ्ख्यामा पुगेको छ । मन्त्रालयका प्रवक्ता हरिदत्त पौडेलले जनशक्ति परिचालन, बजेटको सीमा र कामको गति अहिलेकै अवस्थामा रहे 'एक घर, एक धारा'को लक्ष्य पूरा हुन अझै केही वर्ष लाग्ने बताउनुभयो ।

प्रदेश सरकारले सन् २०२५ सम्म शतप्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिएको छ । कूल ९१ प्रतिशत जनसङ्ख्यामा पहिल्यै आधारभूत स्तरको खानेपानी सेवा पुगेकामा प्रदेश सरकार आएपछि पहुँच बढेर ९४ दशमलव २५ प्रतिशतमा पुगेको प्रवक्ता पौडेलको भनाइ छ । मन्त्रालयले गण्डकी प्रदेशको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्ययोजना तयार गर्न लागेको उहाँले बताउनुभयो ।

मन्त्रालयका अनुसार 'एक घर, एक धारा' कार्यक्रमका लागि चालु आवमा सशर्ततर्फ सङ्घ सरकारबाट जम्मा रु ४९ करोड ५२ लाख बजेट आएको छ । प्रादेशिक, ससर्त र विशेष अनुदान गरेर यस वर्ष खानेपानीका लागि जम्मा दुई अर्ब १४ करोड बजेट विनियोजन भएको जनाइएको छ । आधा घण्टाको दुरीसम्म खानेपानी सेवा पुगेको अवस्थामा आधार भूत स्तरको खानेपानी सेवा पुगेको मानिने प्रवक्ता पौडेलले बताउनुभयो । खानेपानी लिन आधा घण्टाभन्दा बढी समय लागेमा मात्र आधारभूत स्तरको खानेपानीको सेवा नपुगेको मान्ने गरिन्छ ।

खानेपानीको पूर्वाधार र गुणस्तर सुधार गरी मध्यम तथा उच्च स्तरको खानेपानी सेवा पुऱ्याउने कार्यक्रमलाई पनि मन्त्रालयले निरन्तरता दिँदै आएको छ । प्रदेश स्थापनापछि विसं २०७४ मा गठित गण्डकी प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्रैमा प्रदेशका सबै घरधुरीमा खानेपानी पुऱ्याउने निर्णय गरेपनि लक्ष्य अझै पूरा हुन सकेको छैन । खानेपानीमा छुट्टिने बजेट बर्सेनि घटेका कारण पनि लक्ष्य प्राप्तिमा चुनौती थपिएको मन्त्रालयले जनाएको छ ।

## स्मार्ट बन्दै पोखरा १३, गुगल प्लस र क्युआर स्क्यानमार्फत चाहेको स्थानमा पुग्न सकिने

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

पोखरा महानगरपालिका वडा नं. १३ स्मार्ट बन्दै छ । पोखरालाई स्मार्ट सिटीको अवधारणा दिइरहँदा अब वडाका हरेक ठाउँमा गुगल प्लस र क्युआर स्क्यानमार्फत पुग्न सकिने वडाध्यक्ष किरण बरालले जानकारी गराए ।

वडाका विविध स्थानका लागि उक्त सेवा उपलब्ध रहेको उनले बताए । 'वडाका विभिन्न ठाउँमा आउने नागरिकलाई बाटो पत्ता लगाउन सहज होस् र




गन्तव्यमा पुग्न मदत पुगोस् भन्दै गुगल प्लस र क्युआर स्क्यानको व्यवस्था गरिएको हो ।', उनले भने । गुगल प्लस र क्युआर स्क्यानको प्रयोगबाट पोखरा १३ मा प्रवेश गर्ने हरकोहीले स्थान र चाहेको लोकेशन सहजै प्राप्त गर्ने उनले बताए । शृङ्खलाबद्ध वडाको विकासमा आफु सँगै रहेको र वडाबासीका लागि नयाँनयाँ काम गर्ने विषयमा तत्पर रहेको भनाई उनको छ । नापी कार्यालय कास्कीको सहयोगमा वडाले ठाउँ पत्ता लगाउन गुगल प्लस र क्युआर स्क्यान राखेको हो । नागरिकको सेवामा वडा क्रियाशिल छ । गतिविधि बढाउँदै नागरिकलाई सुसूचित बनाउने बाटोमा पोखरा १३ लागिरहेको उनले उल्लेख गरे । आगामी समय पनि यस्ता कार्यक्रमले निरन्तरता पाउने प्रतिबद्धता उनको छ ।

## पदयात्रा पर्यटनलाई उत्पादनसँग जोड्नुपर्ने

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

सहश्राब्दी पदमार्ग (मिलेनियम ट्रेक)सँग जोडिएका स्थानका सर्वसाधारणलाई उत्पादनमार्फत पर्यटनसँग जोडिनुपर्ने आवश्यकता औंल्याइएको छ ।

मिलेनियम ट्रेक व्यवस्थापन समितिको आयोजनमा पदमार्ग क्षेत्रका बासिन्दा, जनप्रतिनिधि एवं घरबास सञ्चालकबीच आज पोखरामा गरिएको अन्तर्क्रियामा सहभागी वक्ताले पदयात्रा पर्यटन प्रवर्द्धनसँगै उत्पादनसँग जोड्न सके अधिकतम लाभ लिन सकिने बताए । तनहुँको दुलेगौडादेखि स्याङ्जाको रामबाछा जोडिने पदमार्गलाई पुनःनक्साङ्कन गरी पोखरा महानगरसहितका क्षेत्र समेटिएसँगै सम्बद्ध क्षेत्रका जनप्रतिनिधि, घरबास सञ्चालकसहित अन्तर्क्रिया गरिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले बताउनुभयो । पछिल्लो समयमा नेपालको एकमात्र मध्यपहाडी क्षेत्रको सहश्राब्दी पदमार्गमा स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बढिरहेको बताउँदै उहाँले पदमार्ग क्षेत्रका बासिन्दाले यसबाट अधिकतम लाभ लिन कृषिजन्य उत्पादनसँग जोडिनुको विकल्प नभएको बताउनुभयो ।

स्याङ्जाको बिरुवा गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर कुँवरले सहश्राब्दी पदमार्गलाई कृषि र पर्यटनसँग जोड्नुपर्नेमा जोड दिनुभयो । पदयात्रा पर्यटनको विकाससँगै उत्पादित बस्तुको बजार सहज हुने बताउँदै उहाँले यसको अधिकतम उपयोगका लागि उत्पादनसँग जोडिनुको विकल्प नहुने धारणा व्यक्त गर्नुभयो । पर्यटन विज्ञ डा श्रीकान्त खतिवडा, पृथ्वीनारायण क्याम्पस भूगोल विभाग प्रमुख नरेश पौडेल तथा सहप्राध्यापक एवं पुनःनक्साङ्कन उपसमिति संयोजक डा रामजी पोखरेल, मिलेनियम ट्रेक व्यवस्थापन समितिका उपाध्यक्ष थमबहादुर आलेलगायतले पदमार्ग क्षेत्रका बासिन्दाले उत्पादनमार्फत आयआर्जन गरी लाभान्वित हुनसक्नेमा जोड दिनुभयो ।

सन् २००० देखि सञ्चालनमा आएको यस पदमार्ग कोरोना सङ्क्रमणका समयमा सुस्ताए पनि पछिल्ला समयमा स्वदेशी एवं विदेशी पर्यटकको बढ्दो आकर्षणले आफूहरू उत्साहित बनेको मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य बालकुमार गुरुङले बताउनुभयो ।

## एनआरएनए र नेपाल भूतपूर्व खेलाडी मञ्च बीच तीन वर्षे सम्झौता, सात लाख ५० हजार प्रदान

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था नेपाल भुतपुर्व खेलाडी मञ्च र गैर आवाशिय नेपाली संघ (एनआरएनए आइसीसी) बीच तीन बर्षे सम्झौता भएको छ । मञ्चले आयोजना गर्ने सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनका लागि एनआरएनए सँग तीन वर्षका लागि प्रायोजन सम्झौता भएको हो ।



पोखरामा मंगलबार आयोजित एक कार्यक्रमका बिच दुई पक्षले सम्झौता गरेका छन् । सम्झौता सँगै आगामी फागुन ५ गते हुने १८ औं संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनदेखि आगामी तीन वर्षका लागि सहयोग गर्ने सम्झौता भएको छ । सो रकम वापत एनआरएनले म्याराथनका लागि आवश्यक सेन्सर वोर्ड खरिद समेत गरेर मञ्चलाई हस्तान्तरण गरिसकेको छ । म्याराथन रुटमा हुने तीन सेन्सर बोर्ड मध्ये एनआरएनएले एक थान उपलब्ध गराउने भएको हो ।

एनआरएनएको तर्फबाट एनआरएनए आईसिसी सदस्य तथा गोर्खा वेल्फेयर टाक्स फोर्सका अध्यक्ष ले.रि चन्द्र गुरुङ र मञ्चको तर्फबाट अध्यक्ष हरिप्रसाद पराजुलीले सम्झौता-पत्र आदान प्रदान गरेका थिए । सम्झौता अनुसार एनआरएनएले हरेक वर्ष ७ लाख ५० हजार रुपैयाँ प्रदान गर्नेछ । सम्झौता पश्चात बोल्दै एनआरएनए आईसिसी सदस्य तथा गोर्खा वेल्फेयर टाक्स फोर्सका अध्यक्ष ले.रि.चन्द्र गुरुङले सुरुवाती तीन वर्षका लागि जोडिएपनि यसले त्यसपछि समेत निरन्तरता पाउने प्रतिबद्धता व्यक्त गरे । उनले आफुहरु पोखरा म्याराथनसँग यस अघि पनि जोडिएको तर बिचमा विविध कारणले छुटेको र पुनः जोडिन पाउँदा खुसी लागेको बताउँदै सफल पोखरा म्याराथनको भविष्य निकै उज्यालो रहेको कारण भविष्यमा यसले विश्वकै उत्कृष्ट म्याराथनको रुपमा परिचित हुनेमा आफुहरु आशावादी रहेको बताए । एनआरएनले पोखरा म्याराथनमा विजेता हुने नेपाली खेलाडीलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि सहयोग गर्ने र आगामी दिनमा एनआरएनएको टिम समेत प्रतिस्पर्धीको रुपमा पोखरा म्याराथनमा सहभागिता हुने जनाए ।

मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले एनआरएनए सँग १४ वर्षपछि पुनः भेट भएको बताउँदै आगामी तीन वर्षका लागि प्रायोजन सम्झौताले म्याराथन सफल बनाउन महत्वपूर्ण भूमिका रहने बताए । पोखरा म्याराथनको व्यवस्थापनको पाटो निकै कठिन भएको र त्यसका लागि एनआरएनएले प्राविधिक रुपमा समेत सहयोग गर्दा थप टेवा पुगेको उनको भनाई थियो ।

## संघीयताको प्रभावकारी कार्यान्वयनका लागि सरोकार समितिको निर्देशन

रासस
काठमाडौं, २३ माघ

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिले सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि तीन तहका सरकार र अन्तरमन्त्रालय समन्वय बढाउन सरकारलाई निर्देशन दिएको छ ।

सङ्घीयताको कार्यान्वयनका लागि सातै प्रदेशका सम्बन्धित निकाय र विज्ञसँगको छलफलका आधारमा तयार गरिएको अध्ययन प्रतिवेदनलाई समितिको मंगलबारको बैठकमा समीक्षापछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिइएको हो । समितिका सभापति दिलकुमारी रावल थापा (पार्वती) ले सङ्घ, प्रदेश, स्थानीय तहबीचको अधिकार र कार्य क्षेत्रका विषयमा बन्नुपर्ने कानुन र संरचना निर्माण हुन बाँकी भए आपसी समन्वयका आधारमा चाँडो बन्नुपर्ने भनी सरकारलाई सुझाव र निर्देशन दिइएको जानकारी दिनुभयो ।

सभापति रावलले संविधानमा व्यवस्था भएका राष्ट्रिय समन्वय परिषद्, प्रदेश समन्वय परिषद्, प्रदेश र स्थानीय तहसँग जोडिएका सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेका विषयगत समिति, सरकारका अन्तरमन्त्रालयका समन्वय प्रभावकारी नभएको अध्ययनमा पाइएको बताउनुभयो । उहाँले बुधबार बस्ने राष्ट्रिय समन्वय परिषद्को बैठकमा साझा अधिकारको सूचीमा रहेका विषय निजामती कर्मचारी व्यवस्थापन, प्रदेशमा प्रहरीको समायोजनका विषयमा ठोस निर्णय हुनुपर्ने सुझाव पनि दिएको जानकारी दिनुभयो ।

समितिले मुलुकको आवश्यकतालाई पहिचान गरी योजनाको प्राथमिकीकरण, अनावश्यक प्रभाव र पहुँच रोक्न, स्पष्ट मापदण्डका आधारमा मात्रै योजना र बजेट तर्जुमा र अनुगमन गर्न, वित्तीय सङ्घीयता कार्यान्वयनको प्रभावकारी कार्यान्वयन गर्न पनि निर्देश गरेको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जिल्ला समन्वय समिति कास्कीको बाल क्लबहरूसँग अन्तरसम्बाद

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ



जिल्ला समन्वय समिति कास्कीले बाल क्लबहरू सग अन्तरसम्बाद कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले संविधान, ऐन, कानुनले ब्यबस्था गरेका बिषयको ब्यबहारिक कार्यान्वयनमा देखिएका अप्ठ्यारा हटाउन स्थानीय तह र सेवा प्रबाह गर्ने सरकारी निकाय संबेदनसिल र जवाफदेहि हुनुपर्ने भन्दै गुनासाको समयानुकूल तत्काल ब्यबस्थापनमा ध्यान दिन आग्रह गर्नुभयो । पौडेलले बालबालिकाका सरोकारका बिषयभोलिकोराष्ट्रकोभबिष्यसग जोडिएको हुँदा सबै स्थानिय तहहरू हरेक दृष्टिकोणबाट बालमैत्री हुनै पर्ने उल्लेख गर्नुभयो । उहाँले संविधानले बालबालिकाका बिषयमा सुनिश्चित गरेका सबै हक कुनै पनि बहानामा उल्लंघन हुन नहुने भन्दै विभिन्न भेदभाव, अपहेलना र मानव अधिकार उल्लंघनका घटना भएमा तत्काल एक्सन टिम निर्माण गरि अघि बढन पालिकाहरूलाइ आग्रह गर्नुभयो।

प्रमुख जिल्ला अधिकारी बासुदेब घिमिरेले आफ्ना कर्तव्य र दायित्व ख्याल गर्दै हक अधिकारको पक्षमा वकालत गर्नुपर्ने भन्दै बाल बालिकाको सम्बन्धमा बनेका ऐन, कानुन र नीति नियमको कार्यान्वयनमा राज्य र समाजका सबै निकायहरू आ आफ्नो क्षेत्रमा क्रियाशिल हुनुपर्ने बताउनुभयो। कास्कीका सबै स्थानिय तह सहित सम्पूर्ण सरोकारवाला र सेवा प्रवाह गर्ने निकाय बालमैत्री बनाउन प्रयास भएको घिमिरेले जानकारी दिनुभयो। कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद गण्डकी प्रदेशका बाल समन्वय अधिकृत बद्री प्रसाद वाग्ले, श्रम कार्यालय पोखराका वरिष्ठ श्रम अधिकृत सुरेशराज ढकाल, इन्सेक पोखरा कार्यालयका प्रमुख शिव खकुरेल, राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयका अधिकृत टंक प्रसाद खनाल , गैरसरकारी संस्था महासंघ कास्कीका अध्यक्ष डाक्टर बुद्धि बहादुर थापा, बाल संजाल कास्कीका अध्यक्ष समिक्षा लामिछाने, जिल्ला शिक्षा समन्वय एकाइ कास्कीका अधिकृत प्रकाश बन्धु अर्याल लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा जिल्ला समन्वय कास्कीका पदाधिकारी, सदस्य, कास्कीस्थित बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न कार्यालयका प्रमुख, राष्ट्रिय बाल अधिकार परिषद गण्डकी प्रदेश, बालहितकारी परियोजना नेपाल, राइट फर चिल्ड्रेन, नौलो घुम्ती नेपाल, गोनेशा लगायत विभिन्न गैर सरकारी संघ संस्थाहरू सहित बाल क्लबमा पदाधिकारी एबम सरोकारवाला निकायहरूको उपस्थिति रहेको थियो।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा, उपप्रमुख सरिता मालले स्वागत र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो।

# भेट्रान फुटबल : क्वाटरफाइनल समिकरण पुरा

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

पोखरामा जारी अन्तर्राष्ट्रिय भेट्रान एट ए साइड फुटबल प्रतियोगितामा क्वाटरफाइनल समिकरण पुरा भएको छ।

बगर भाइखलकको आयोजनामा जारी दोस्रो हिमालय ब्रुअरी तथा तेह्रौं बगर भाइ खलक अन्तराष्ट्रिय भेट्रान फुटबल प्रतियोगितामा मंगलबार सात खेल सम्पन्नसँगै क्वाटरफाइनल समिकरण पुरा भएको हो । पोखरा १ टुडिखेल खेलमैदानमा ४० वर्ष माथि उमेर समूहको प्रिक्वाटरअन्तरगत मंगलबारको पहिलो खेलमा ठमेल भेट्रान काठमाडौंले फ्रिडम फाइटरलाई ५-३ ले हरायो। ठमेलका लागि नगेन्द्र देवानले ह्याट्रिक गरे । टासी छिरिङ र नविन न्यौपानेले एक-एक गोल गरे । फ्रिडमका लागि विकर्ण श्रेष्ठले दुई तथा



धनविर चौधरीले एक गोल गरे।

दोस्रो खेलमा चिया पपले थापागाउँ भेट्रानलाई २-१ ले हरायो । मित्र बहादुर बस्नेत र सन्तोष नेपालीले एक-एक गोल गरे। थापा गाउँका लागि नारायण कार्कीले एक गोल गरे । निकै रोमाञ्चक बनेको तेस्रो खेलमामा नागस्वेती हेटौडाले संगम भेट्रान पोखरालाई सडनडेथमा ६-५ ले हरायो। निर्धारित समयको खेल गोलरहित बराबरीमा रोकिएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा समेत २-२ को बराबरी हुँदा सडनडेथमा पुगेको थियो । चौथो खेलमा चावहिल काठमाडौंले कुमण्डोल ललितपुरलाई २-१ ले हरायो । चावहिलको जीतमापासाङशेर्पाले दुई गोल गरे भने, कुमण्डोलका लागि रमेश सिकेमानले एक गोल गरे। पाँचौ खेलमा आयोजक बगर भेट्रानले एमएमभी पाँचथरलाई टाइब्रेकरमा २-० ले हरायो।

प्रतिस्पर्धात्मक बनेको खेलको निर्धारित समय गोलरहित बराबरीमा रोकिएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। छैटौं खेलमा जोरपाटीले चितवन भेट्रानलाई १-० ले हरायो । जोरपाटीको जीतमा सुमन मोक्तानले गोल गरे। दिनको अन्तिम खेलमा हेटौडाले नाइटकिंग काठमाडौंलाई टाइब्रेकरमा ३-२ ले हरायो । निर्धारित समयको खेल गोलरहित बराबरीमा रोकिएपछि खेल टाइब्रेकरमा धकेलिएको हो । प्रतियोगितामा भोलिदेखि क्वाटरफाइनलका खेल सुरु हुनेछन्।

# पोखरामा वैशाखमा एशियन कप तथा साउथ एशियन ट्रायथोलन च्याम्पियनसिप हुने

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

पोखरामा आगामी वैशाख १५ गते एशियन कप तथा साउथ एशियन ट्रायथोलन च्याम्पियनसिप हुने भएको छ।

नेपाल ट्रायथोलन संघको आयोजनामा पोखराको लेकसाइड क्षेत्रमा प्रतियोगिता हुनेछ । प्रतियोगिताको मिति आगामी अप्रिल २७ लाई अन्तराष्ट्रिय ट्रायथोलन युनियनले आफनो आधिकारिक वेभसाईटमै राखिसकेको नेपाल ट्रायथोलन संघका अध्यक्ष निलेन्द्रराज श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार च्याम्पियनसिप अन्तर्गत ट्रायथोलनको स्प्रिन्ट तर्फ प्रतिस्पर्धा गराईने छ । स्प्रिन्ट अन्तर्गत फेवातालमा ७५० मिटर पौडी, २० किलोमिटर साईक्लिङ र ५ किलोमिटर दौड हुने छ। अध्यक्ष श्रेष्ठका अनुसार पौडी फेवातालमा गराईने छ । दौड गौरीघाट–शहीदचोक, मुस्ताङचोक, विर हैटाचोक, ड्यामसाईड हुदैं राष्ट्रबैंकचोक हुदैं– गौरीघाटमा पुगेर टुंगिने पुरानै रुटमा यथावत हुनेछ। च्याम्पियनसिपका लागि पोखरामा तयारी सुरु भएको छ । सोमबार साँझ पोखरामा संघका केन्द्रीय अध्यक्ष श्रेष्ठको उपस्थितिमा केन्द्र, प्रदेश तथा जिल्ला संघका पदाधिकारीहरुको बैठक बसेको थियो ।बैठकमा विगतका संस्करणहरु भन्दा यस पटक अझ भव्य बनाउने र तयारी सुरु गर्ने निर्णय गरेको छ।

संघका केन्द्रीय अध्यक्ष श्रेष्ठले यस वर्षको च्याम्पियनसिपमा विश्व ट्रायथोलनसंघरएशियनट्रायथोलन एशोसिएसनका अध्यक्ष लगायत उच्चस्तरीय व्यक्तिहरुको सहभागिता हुने भएकाले भव्य हुने बताउनुभयो। गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, पर्यटन व्यवसायी तथा यहाँका उद्योगी व्यवसायीले अपनत्व लिने गरी प्रतियोगिता सञ्चालन हुने बताइन्छ । "एशियन कप तथा साउथ एशियन ट्रायथोलन च्याम्पियनसिप पोखराको ब्राण्ड बनिसकेको छ। पोखराको प्रर्वद्धनका लागि च्याम्पियनसिले ठूलो भूमिका खेलेको छ।" अध्यक्ष श्रेष्ठले भन्नुभयो,"पोखरामा ठूलो इभेन्ट हुने तर पोखरेलीको स्वामित्व नहुने अवस्था विगतमा थियो। तर यस वर्ष हामी त्यस्तो हुन दिँदैनौं । विश्वका सम्पन्न देशले गर्ने भन्दा कुनै कमी च्याम्पियनसिपमा हुन दिँदैनौं।" संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष दीपक कोइरालाले पोखरा ट्रायथोलन च्याम्पियनसिपका लागि विश्वकै उत्कृष्ट गन्तव्यमा पर्ने बताउनुभयो। पोखरा सहित समग्र देशको अन्तर्राष्ट्रिय प्रवर्द्धनका लागि प्रतियोगिता महत्वपूर्ण हुने बताउनुभयो।

विगतमा विभिन्न कठिनाईका बाबजुद निरन्तरता दिइएको च्याम्पियनसिपमा पछिल्लो समय प्रदेश तथा जिल्ला संघ बनेर अझै सहज रुपमा सम्पन्न हुने कोइरालाले बताउनुभयो। नेपाल ट्रायथोलन संघका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेशका अध्यक्ष सुमन देवकोटाले पछिल्लो संस्करणमा १८ देशका ५३ जना खेलाडीले प्रतिस्पर्धा गरेकाले ट्रायथोलन च्याम्पियनसिप पोखरामा हुने सबैभन्दा बृहत खेल इभेन्ट भएको बताउनुभयो । च्याम्पियनसिप भव्य बनाउनका लागि विगतका कमजोरीहरु सुधार गरिने उहाँले स्पष्ट पार्नुभयो । "विगतका कमजोरीहरु दोहोरिन दिँदैनौ र यस वर्षको प्रतियागिता अझै भव्य बनाउने छौँ।" देवकोटाले भन्नुभयो। पोखरामा सन् २०११ मा पहिलो पटक बेगनास तालमा च्याम्पियनसिप भएको थियो । त्यसपछि सन् २०१२ देखी फेवातालमा प्रतियोगिता हुँदै आएको छ। कोरोना कहरका कारण दुई वर्ष च्याम्पियनसिप रोकिएको थियो।

नेपाल ट्रायथोलन संघ गण्डकी प्रदेशको कार्यवाहक अध्यक्षमा शिशिर सुवेदी चयन हुनुभएको छ । संघका अध्यक्ष सुमन देवकोटा गत पुसमा सम्पन्न अधिवेशनबाट केन्द्रीय उपाध्यक्षमा निर्वाचित भएपछि सुवेदीले गण्डकीको कार्यवाहक अध्यक्षको जिम्मेवारी पाउनुभएको छ । कार्यवाहक अध्यक्ष सुवेदीको संयोजकत्वमा आसन्न एशियन कप तथा साउथ एशियन ट्रायथोलन च्याम्पियनसिपका लागि स्थानीय व्यवस्थापन समिति गठन गरिएको छ। कार्यवाहक अध्यक्ष सुवेदीले च्याम्पियनसिपको तयारीका काम सुरु भएको जानकारी दिनुभयो।

गत पुस २१ गते ललितपुरमा भएको संघको साधारण सभाले केन्द्रीय अध्यक्षमा निलेन्द्रराज श्रेष्ठलाई निरन्तरता दिएको थियो। त्यसैगरी बरिष्ठ उपाध्यक्ष दीपक कोइराला , उपाध्यक्षद्धयमा सुमन देवकोटा र धिरज प्रताप सिंह, सचिवमा मिकेन महर्जन र कोषाध्यक्षमा निरज श्रेष्ठलाई सर्वसम्मत चयन गरेको हो।

गण्डकी प्रदेशबाट केन्द्रीय सदस्यमा सिर्जना त्रिपाठी निर्वाचित हुनुभएको थियो। संघको प्रथम बैठकबाट उपाध्यक्षमा प्रकाश बराल, केन्द्रीय सल्लाहकार प्रमुखमा विश्वशंकर पालिखे, केन्द्रीय सदस्यमा अनिता रानाभाट र मेडिकल कमिशन सदस्यमा डा उमेस पराजुली चयन हुनुभएको थियो।

# नेपाल स्नोकर प्रतियोगिता अर्न्तगत अन्तराष्ट्रिय खेलाडी रेगन प्रि–क्वाटरफाइनलमा


पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

पोखरामा जारी खुल्ला नेपाल स्नोकर प्रतियोगिता २०८० अर्न्तगत बुधबारदेखि प्रि–क्वाटरफाइनलका खेलहरु हुने भएका छन्।

प्रतियोगिता अर्न्तगत मंगलबार ४ वटा तेश्रो चरणका र दुई वटा प्रिक्वाटरफाइनलका खेलहरु भएको आयोजक फाइनल स्कोर स्पोर्टस बार प्रा.लि.का अध्यक्ष एवं खेलाडी सोम बि.क.ले बताए । बुधबार क्याटरफाइनलका खेलहरु हुने भएको उनले जनाए।

अन्तराष्ट्रिय नेपाली खेलाडी रेगन श्रेष्ठ उक्त प्रतियोगिताको प्रि–क्वाटरफाइनलमा प्रबेश गरेका छन् । मंगलबार भएको खेलमा काठमाण्डौंका रेगनले पोखराका खुसिमान गुरुङलाई ४–० को सोझो सेटमा पराजित गर्दै अन्तिम १६ मा स्थान बनाएका हुन् । त्यसै गरी अर्को खेलमा काठमाण्डौंका अजय सुनारले पोखराका प्रबेश रेग्मीलाई ४–० को सोझो सेटमा पराजित गर्दा काठमाण्डौंका सोम लामाले पोखराका शाहिल गुरुङलाइ ४–३ को सेटमा पन्छाए भने अन्तिम तेश्रो चरणको खेलमा पोखराका यूके गुरुङले पोखराका विकास महर्जनलाई ४–० को सोझो सेटमा पराजित गरी प्रि–क्वाटरफाइनलम यात्रा बनाए । त्यसतै मंगलबार भएको प्रिक्वाटरफाइनल खेलमा काठटमाण्डौंका वानस्यु तामाङले काठमाण्डौंका काठमाण्डौंकै दिनेशराज भण्डारीलाई ४–० को सोझो सेटमा पराजित गरी क्वाटरफाइनलमा यात्रा बनाए । मंगलबारको अन्तिम खेलमा काठमाण्डौंका राजन लामाले विराटनगरका सरोज गौंतमलाई ४–२ को सेटमा पराजित गर्दै क्वाटरफाइनलमा यात्रा बनाएका हुन् । सोमबारको खेलमा विकास श्रेष्ठ, विनोद श्रेष्ठ, मोती पाख्रिन, अनिल सुनार, सोम बि.क. र सारङ्ग राना विजयी हुदै प्रि–क्वाटरफाइनलदमा प्रबेश गरेका थिए। यही माघ २८ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा १ सय २३ जना खेलाडीहरु सहभागि भएको प्रा.लि.का संचालक मध्यका एक प्रताप गुरुङले बताए । प्रतियोगितामा प्रतियोगितामा विजेता हुने खेलाडीलाई १ लाख ५० हजार नगद सहित ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको छ । त्यसै गरी प्रतियोगितामा उपविजेतालाई ७० हजार र तेश्रो हुने दुई जना खेलाडीलाई जनही २०/२० हजारको साथमा ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको हो । उक्त प्रतियोगिताको मुख्य सहयोग पोखरा महानगरपालिकाले गरेको आयोजकले जनाएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# नेतामा दूरदृष्टिकोअभाव

नेपालमा युगान्तकारी राजनीतिक परिवर्तनपछि छोटो समयमा राजनीतिप्रति नेपाली समाज धेरै नकारात्मक हुँदै गइरहेको छ । संघीयताको कार्यान्वयन प्रश्न उठेको छ । संघ र प्रदेश सरकारमा देखिएको अस्थिरताले परिवर्तनले ल्याएको उपलब्धि गुम्ने चिन्ता पनि छ । राजनीतिक दलले चलाएको मिसन ग्रासरुट, संकल्प यात्रा, समुदायसंग संवाद, जनतासंग अभियान जस्ता कार्यक्रम चलाइएका छन।पुरान देखि नयाँ दलले चलाएको अभियानले जनतालाई उत्साहित बनाउन सकेको छैन । जनतामा देखिएको निराशा र नकारात्मक भावना किन उठेको छ भनेर स्वतन्त्र तरिकाले अध्ययन भएको छैन । शिलापत्र डटकमले गरेको सर्भेक्षणले नेतृत्वमा दूरदृष्टि नहुँदा जनतामा राजनीतिप्रति नकारात्मक भावना पैदा भएको छ । सर्वेक्षणका सहभागीले व्यवस्था फेरिए पनि आमनागरिकको अवस्था नफेरिएकाले राजनीतिप्रति नकारात्मकता बढ्दै गएको भनेका छन् । त्यसरी आफ्नो मत जाहेर गर्ने उत्तरदाता २७ दशमलव ९ प्रतिशत छन् । त्यस्तै, २२ दशमलव २ प्रतिशतले नीतिगत भ्रष्टाचारलाई कारण औँल्याएका छन् भने २१ दशमलव ४ प्रतिशतले भिजनविहीन नेतृत्वलाई दोष दिएका छन् । यसैगरी, २० प्रतिशत उत्तरदाताले भागवण्डाको राजनीतिबाट वाक्क भएको प्रतिक्रिया दिएका छन् । नेतृत्वमा युवाले अवसर नपाएकाले नकारात्मक भएको भन्ने उत्तरदाता ४ दशमलव १ प्रतिशत छन् । १ दशमलव ४ प्रतिशतले माथिका सबै कारणले राजनीतिप्रति नकारात्मक भावना विकास भएको भनेका छन् ।

संघीय सरकारमा हेरफेर हुँदा त्यसको सोझो प्रभाव प्रदेशमा देखिएको छ । जसका कारण काठमाडौंमा सरकार ढल्दा प्रदेशमा अस्थिरमा हुने स्थिति छ । संघ र प्रदेश सरकारमा देखिएको अहिलेको अस्थिरताको अन्त्य कसरी गर्ने ? अहिलेको मुल मुद्दामा बहस आवश्यक छ । बहुसंख्यक उत्तरदाताले प्रत्यक्ष निर्वाचित प्रतिनिधिसभा र समानुपातिकबाट राष्ट्रियसभा गठन गर्नुपर्ने मत दिएका छन् । ४३ दशमलव ३ प्रतिशत उत्तरदाताले प्रत्यक्ष निर्वाचितको मात्र प्रतिनिधिसभा बनाउनुपर्ने भनेका छन् । त्यसो हुँदा प्रमुख दलमध्ये कसैको बहुमत आउन सक्नेतर्फ संकेत गरेको देखिन्छ । अर्को विकल्पका रूपमा पार्टीहरू धेरै भए, थोरै र बलिया राष्ट्रिय दलको खाँचो भन्ने उत्तरदाता २५ दशमलव ४२ प्रतिशत छन् ।

तेस्रो विकल्पका रूपमा निर्वाचन प्रणाली पूर्ण समानुपातिक बनाउने र संसदको ठूलो दललाई नेतृत्व दिनुपर्ने मत छ । यो विकल्पमा १४ दशमलव २ प्रतिशतले मत दिएका छन् । अहिलेकै प्रणालीमा विश्वास गर्नेहरू पनि उल्लेख्य छन् । ७ दशमलव ६ प्रतिशत उत्तरदाताले अहिलेकै प्रणाली ठीक छ, जनताको मत जिते बहुमत आइहाल्छ नि भनेका छन् । त्यसबाहेक अन्य उपाय सुझाउनेहरू छन् । उनीहरूमध्ये धेरैले प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्ने भनेका छन् । 'शिलापत्र सर्वेक्षण'मा हामीले संघीयताको प्रभावकारी कार्यान्वयन गर्न के गर्नुपर्छ ? भनेर सोधेका थियौँ । सहभागी बहुसंख्यक उत्तरदाताले अहिलेको तीन तहको संघीयतामाथि नै प्रश्न उठाएका छन् । ३४ दशमलव ९ प्रतिशत उत्तरदाताले संघ, प्रदेश र स्थानीय तह रहेको तीन तहको संघीयता नै व्यावहारिक नभएको मत जाहेर गरेका छन् । प्रदेश संरचनाको आलोचनाको एउटा कारण अस्थिरतालाई मानिएको छ । सर्वेक्षणका उत्तरदाताले त्यसको संकेत गरेका छन् । २० दशमलव ४ प्रतिशत उत्तरदाताले स्थिर सरकार हुनुपर्ने भनेका छन् । संघ, प्रदेश र स्थानीय तहबीच समन्वय बढाउनुपर्छ भन्ने पक्षमा १५ दशमलव ८ प्रतिशत उत्तरदाता छन् भने १२ दशमलव १ प्रतिशतले प्रदेशलाई अधिकार दिन संघले कन्जुस्याइँ गर्न नहुने मत दिएका छन् । यसैगरी, संघीय सरकार र प्रदेश सरकारको भूमिकामा प्रस्टता हुनुपर्छ भन्नेमा ९ दशमलव ५ प्रतिशत उत्तरदाता छन् भने अन्य उत्तरदाताले संघीयताप्रति नै चर्को असन्तुष्टि पोखेका छन् ।

२०७२ को संविधान घोषणापछि प्रधानमन्त्रीको हैसियतमा भारतीय नाकाबन्दीको सामना गरेर लोकप्रियता बढाएका एमाले अध्यक्ष केपी ओली २०७४ पछि असंवैधानिक ढंगले दुईपटक संसद विघटन गरेर आलोचित थिए । तर, 'शिलापत्र सर्वेक्षण'ले प्रमुख दलका शीर्ष नेतामध्ये अहिले पनि उनी नै सबैभन्दा लोकप्रिय देखिएको छ । केपी शर्मा ओलीलाई विश्वास गरेको सभामा जनताको उपस्थितिले देखाउँछ । २०७९ को आमचुनावमा पाँचदलीय गठबन्धनविरुद्ध मधेसमा जसपा र झापामा राप्रपाको साथ लिएर प्रतिस्पर्धामा उत्रिएको एमाले संसदको दोस्रो ठूलो दल बनेको थियो । समानुपातिकतर्फ भने एमालेले सर्वाधिक मत प्राप्त गरेको थियो । पार्टी विभाजन र बलियो गठबन्धनविरुद्धको चुनावी प्रतिस्पर्धामा प्राप्त गरेको नतिजालाई ओलीको नेतृत्वको सफलताका रूपमा एमालेले व्याख्या गर्दै आएको छ । ओलीपछि प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग आशावादी हुने संख्या १३ प्रतिशत छ । उनलाई राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले पछ्याएका छन् । पाँच पटक प्रधानमन्त्री भएका काङ्ग्रेस सभापति शेर बहादुर देउवाप्रति जनताको विश्वास नहुदा पनि फेरि प्रधानमन्त्री बनाउने कदम आत्मघाती हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वस्थ्यमा सुधार | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बड्ने |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सगरमाथामा वार्षिक खेलकुद कार्यक्रम शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

पोखराको सगरमाथा निकेतन विद्यालयमा त्रि-दिवशिय वार्षिक खेलकुद कार्यक्रम शुरु भएको छ ।

विद्यालय प्राचार्य दिलिप शर्मा भट्टराईले पोखरा-४ अर्चलबोटस्थित नवनिर्मित विद्यालय प्राङ्गणमा कार्यक्रमको उद्घाटन गरे । सो अवसरमा उनले मानव स्वास्थ्यका लागि खेलकुद महत्पूर्ण भएको औल्याए । विद्यालयले शिक्षासंगै खेलकुद र अनुशासनलाई महत्वका साथ राखेको बताउँदै विद्यार्थीहरुलाई खेल भावना अनुरुप खेल्न आग्रह गरे । स्वस्थ्य र अनुशासित नागरिक उत्पादन गर्न सकिए समाज र राष्ट्र पनि अनुशासित बन्ने उनको भनाई थियो । विद्यार्थी अनुषा अधिकारीले खेल भावनाको सपथ ग्रहण गरेकी थिइन् । प्रतियोगितामा कक्षा १ देखि १० सम्मका झण्डै ४ सय विद्यार्थीले १ सय १७ स्वर्ण, १ सय १६ रजत र ५७ कास्य पदकका लागि प्रतिस्पर्धा गर्नेछन् । फुटबल, भलिबल, व्याडमिण्टन, टेबल टेनिस, चेस तथा एथलेटिक्सतर्फ शटपुट, सय मिटर, २ सय मिटर, ४ सय मिटर, ८ सय मिटर, १५ सय मिटर, रिले दौड लगायतका खेलहरुमा प्रतिस्पर्धा हुने खेलकुद शिक्षक कृष्ण थापाले जनाए ।

अफिसियल सुरज पौडेलका अनुसार पहिलो दिनको खेल विद्यालय खेल मैदानमा, दोश्रो दिन गोस्ते घाट खेल मैदान, लामाचौरमा र समापन पोखरा रंगशालाभित्र गरिने छ । शिक्षक रामजी बरालले सञ्चालन गरेको उद्घाटन समारोहमा विद्यार्थीहरुले स्वागत गित तथा नृत्य प्रस्तुत गरेका थिए ।

# सडक निर्माण प्रदेश सरकारको प्राथमिकता

**पोखरापत्र संवाददाता**
गोरखा, २३ माघ

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशभित्रका पालिका र वडाहरुमा बाह्रै महिना चल्नसक्ने गरी मुख्य सडक निर्माण गण्डकी प्रदेश सरकारको प्राथमिकता रहेको बताउनुभएको छ ।

आरुघाट गाउँपालिकाले आज यहाँ आयोजना गरेको भेटघाट तथा छलफल कार्यक्रममा उहाँले प्रदेशभित्रका केही पालिकामा अझै पनि सडक सञ्जाल नपुगेको भन्दै त्यसता पालिकामा आगामी आर्थिक वर्षसम्म सडक सञ्जाल पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सडक सञ्जाल नपुगेका पालिका तथा वडामा सडक सञ्जाल पुर्‍याउने प्रदेश सरकारको आगामी आर्थिक वर्षको पहिलो प्राथमिकता हुने उहाँको भनाइ छ । "जुन-जुन पालिका र वडामा अहिले बाटोले छोएको छैन ती सबै ठाउँमा सडक सञ्जाल पुर्‍याउने प्रदेश सरकारको लक्ष्य छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "पालिकामा हिउँद र बर्खामा यातायात चल्नसक्ने सडक पुर्‍याएपछि वडाको केन्द्रमा पुर्‍याउने र क्रमशः त्यसलाई स्तरोन्नति गर्दै जाने हो ।" उहाँले गाउँको मुख्य बाटोलाई सबैले प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुभयो । मुख्यमन्त्री पाण्डेले पछाडि परेका मनाङ, मुस्ताङ र उत्तरी गोरखाको विकासलाई अन्य क्षेत्रमा जस्तै समानुपातिक ढङ्गले अघि बढाउनुपर्ने धारणा राख्नुभयो । "मनाङको लार्फाभूमि गाउँपालिकामा अझै सडक सञ्जाल पुगेको छैन, चुमनुब्री गाउँपालिका भर्खर मात्र सडक सञ्जाल पुगेको छ", उहाँले भन्नुभयो, "अब ती क्षेत्रमा पनि सडक सञ्जाल पुर्‍याउनेछौँ ।"

मुख्यमन्त्री पाण्डेले बूढीगण्डकी जलविद्युत् आयोजना जतिछिटो सम्पन्न गर्नसके यसले गोरखा र धादिङको आर्थिक विकास हुने बताउनुभयो । आयोजना निर्माणबाट राज्यले लिने लाभ मात्र नभएर डुबान क्षेत्रका बासिन्दाले पनि फाइदा लिनसक्ने उहाँको भनाइ छ ।

"आयोजना निर्माणपछि बन्ने जलाशय, पर्यटकीयस्थल र स्थानीयले प्राप्त गर्ने स्वरोजगारको सम्भावनाले गर्दा पनि डुबान क्षेत्र असाध्यै अगाडि बढ्न सक्छ", उहाँले भन्नुभयो, "त्यसैले जतिसक्दो चाँडो आयोजना निर्माणका लागि औपचारिक र अनौपचारिक तवरबाट हामीले छलफल गरिरहेका छौँ ।" मुख्यमन्त्री पाण्डेले आयोजनाको निर्माणका लागि स्पष्ट ढाँचासहित सबै सकारात्मक रहेको भए पनि गति लिन भने नसकेको बताउनुभयो । "आयोजना निर्माणको अन्योलता अझै चिरिएको छैन । प्रधानमन्त्रीले आयोजना निर्माणको काम छिटो सुरु गर्ने प्रतिबद्धता पनि जनाइराख्नुभएको छ तर निर्माणको काम जसरी अघि बढ्नुपर्ने हो त्यो हुन सकेको छैन", उहाँले भन्नुभयो । उहाँले योजनाको प्रभावकारी अनुगमन गर्न प्रदेश सरकारले अनुगमन समिति बनाएको बताउनुभयो ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ उपल्लो गाउँ जाने बाटो स्तर उन्नती कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पादर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : उपल्लो गाउँ जाने बाटो स्तर उन्नती
**उपभोक्ता समिति**: उपल्लो गाउँ जाने बाटो स्तर उन्नती निर्माण समिति, पोखरा-१३, कास्की
**योजना सम्झौता मिति** : २०८०/०८/२६ गते
**योजना सुरू मिति** : २०८०/०८/२७ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/१०/२३ गते
**महानगरपालिकाबाट** : रु. ५,००,०००/-
**जनसहभागिता** : रु ५५,५५६/-
**जम्मा लागत** : रु ५,५५,५५६/-

**रमनाथ देवकोटा**
अध्यक्ष
**उपल्लो गाउँ जाने बाटो निर्माण समिति**
पोखरा-१३, कास्की


# धर्मिक गन्तव्य बन्दै पौराणिक भूमि वाल्मीकि आश्रम

**पोखरापत्र संवाददाता**
नवलपरासी, २३ माघ

पौराणिक भूमि वाल्मीकि आश्रम नेपाली तथा भारतीय दर्शनार्थीका धार्मिक गन्तव्य बनेको छ । चितवन राष्ट्रिय निकुञ्जको जङ्गलभित्र अवस्थित सो आश्रममा रहेका पौराणिक महत्व बोकेका संरचना हेर्नका लागि विभिन्न जिल्लाबाट आन्तरिक पर्यटक आउने गरेका छन् ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को त्रिवेणीधाम नजिकै रहेको यस पौराणिक भूमिमा दैनिकरूपमा दर्शनार्थी आउने गरेका वाल्मीकि आश्रमको हरिहर मन्दिरका पुजारी रामशरण गिरीले जानकारी दिनुभयो । नेपाली भूमिबाट आश्रम पुग्न सडक सञ्जाल निर्माण नभएको अवस्थामा समेत दर्शनार्थीको राम्रो उपस्थिति हुने गरेको जनाउँदै उहाँले स्थालमार्गबाट नेपालसँगै जोड्न सकेमा अझै आकर्षक गन्तव्य बन्ने छ भन्नुभयो । "नवलपुरको त्रिवेणीधाममा निर्माण भएको झोलुङ्गे पुल सञ्चालनमा आउनसक्यो भने त्रिवेणी आएका धेरै तीर्थयात्री यहाँ आउनुहुन्छ", उहाँले भन्नुभयो, "झोलुङ्गे पुल तरेपछि करिब एक घण्टाको पैदलयात्रापछि यहाँ आउन सकिन्छ । तर पुल सञ्चालनमा छैन ।" अहिले वाल्मीकि आश्रम पुग्ने तीर्थयात्री त्रिवेणीधामबाट काठको डुङ्गामा जोखिमपूर्ण यात्रा गरेर आउने गरेका छन् भने केही तीर्थयात्री भारतीय भूमि प्रयोग गरेरसमेत आउने गरेका छन् । "त्रिवेणी भन्सारमा रहेको गण्डक ब्यारेज (पुल) तरेर भारतीय भूमि हुँदैसमेत तीर्थयात्री आउने गर्नुभएको छ", उहाँले भन्नुभयो, "भारतीय भूमि प्रयोग गरेर आउँदा त्यहाँको पनि निकुञ्ज हुँदै आउनुपर्ने भएकाले यात्रा अलि कष्टपूर्ण छ ।" गण्डक ब्यारेज तरेर आउँदा जङ्गलको बाटोसँगै भारतको तमसा नदी र नेपालको स्वर्णभद्रा नदी तरेर आउनुपर्ने उहाँले बताउनुभयो । "यी दुवै नदीमा पुल निर्माण गरिएको छैन", उहाँले भन्नुभयो, "हिउँदमा दर्शनार्थी सहजरूपमा आए पनि बर्खाको बेलामा यहाँ आउन सहज छैन ।" भौगोलिकरूपमा वाल्मीकि आश्रम चितवनको माडी नगरपालिका-१ मा पर्ने यो भूमि पुग्नका लागि नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को विनयीत्रिवेणी गाउँपालिका-६ मा पर्ने त्रिवेणीधामबाट नारायणी नदीमा डुङ्गा तरेर जाने गरिन्छ । त्रिवेणीधामबाट वाल्मीकि आश्रम जोड्नका लागि झोलुङ्गे पुल निर्माण गरिएको भए पनि निकुञ्जको बाधाका कारण पुल सञ्चालनमा आउन नसकेको उहाँले बताउनुभयो ।

यस पौराणिक भूमि महर्षि वाल्मीकिले रामायण रचना गरेको र लवकुश जन्मेको स्थलका रूपमा रहेको धार्मिक ग्रन्थमा उल्लेख गरिएको गिरीको भनाइ छ । त्रेतायुगमा भगवान् रामले सीतालाई त्याग गरेपछि लक्ष्मणले यही भूमिमा ल्याएर छाडेको, सीताले वाल्मीकि आश्रममै जीवन बिताएको र पछि सीता पातल प्रवेश (धर्तीमुनि विलीन) गरेको स्थानका रूपमा पनि यो स्थल रहेको गिरीको भनाइ छ । आश्रम क्षेत्रमा रहेका लवकुश जन्मेको स्थल, सीताले प्रयोग गर्ने सिलौटा, लवकुशले घोडा बाँधेको तबेला, विष्णु चक्र, वाल्मीकि ऋषि अन्तरध्यान भएको स्थल, पचासी हजार ऋषिद्वारा वाल्मीकि ऋषिले हवन गरेको हवनकुण्ड, अमृत कुवा, विष्णु चक्रलगायत रामायणकालीन सामग्री खुलारूपमा देख्न सकिने उहाँको भनाइ छ । विशेषगरी वाल्मीकि आश्रममा माघे औँसी, शिवरात्रि, बोलबमसहित विभिन्न समयमा भक्तजनको भीड हुने गरेको गिरीको भनाइ छ । महर्षि वाल्मीकिले ब्रह्मज्ञान प्राप्त गर्नुका साथै यहीँ बसेर रामायण लेखेको स्थानका रूपमा वाल्मीकि आश्रम प्रख्यात रहेको सीता मन्दिरका पुजारी शेखर सुवेदीले बताउनुभयो । सीतामाता वनबास बसेको र लवकुशको जन्म तथा शिक्षा-दीक्षा भएकाले यस ठाउँको विशेष महत्व रहे पनि सरकारी उदासिनताका कारण ओझेलमा परेको सुवेदीको भनाइ छ । प्राचीन त्रेतायुगको हरिहरको मूर्तिसहितका रामायणकालीन संरचना यहाँ रहेका उहाँले बताउनुभयो । आफ्नो मनोकाङ्क्षा पूरा हुने जनाउँदै मानिसले आफूले इच्छाएको कुरा माग्नका लागि यहाँ आउने गरेका बताइएको छ । नेपालीभन्दा बढी भारतीय भक्तजन मन्दिरमा आउने गरेका उहाँको भनाइ छ । मानिस बाह्रै महिना मन्दिरमा आउने भए पनि नेपाली भूमिबाट आउने बाटो नहुँदा धार्मिक पर्यटकलाई असहज हुने गरेको उहाँले बताउनुभयो । नेपालबाट आश्रममा आउन पुल बनेको भए पनि सञ्चालनमा नहुँदा भारतीय बाटो भएर आउनुपर्दा दुःख पाउने गरेका सुवेदीले गुनासो गर्नुभयो । कास्कीको पोखरा महानगरपालिका-३३ बाट यहाँ आउनुभएका रमेशराज आचार्य किताबमा पढेका कुरा प्रत्यक्षरूपमा देखेर अवलोकन गर्दा प्रभावकारी हुने भएकाले आफूहरू वाल्मीकि आश्रममा आएको बताउनुहुन्छ । पुरातात्विक ऐतिहासिक ठाउँ भएकाले यसलाई अझ व्यवस्थित बनाउँदा जिउँदो इतिहास बन्ने आचार्यको तर्क छ । "यसलाई पढ्नका लागि किताबका पाना पल्टाउनुभन्दा पनि अवलोकनबाट सबै कुरा पत्ता लाग्ने गरी संरक्षण गर्नुपर्छ", उहाँले भन्नुभयो, "आश्रममा आउनका लागि नेपालकै बाटो प्रयोग गरेर आउने अवस्थाको सिर्जना गर्नसके राम्रो धार्मिक गन्तव्य बन्न सक्ने थियो ।" नेपालबाट आश्रममा आउने भक्तजन भारतको बाटो भएर आउनुभन्दा त्रिवेणीधामस्थित नारायणी नदीबाट जोखिमपूर्ण डुङ्गाको यात्रा गरेर आउने गरेका छन् । वाल्मीकि आश्रमलाई यातायात सञ्जालसँग जोड्दा धार्मिक पर्यटकीय दृष्टिकोणबाट यस ठाउँको महत्व अझै बढ्ने जनाइएको छ ।

# गर्भवती तथा दीर्घरोगीको निःशुल्क स्वास्थ्य बीमा

**पोखरापत्र संवाददाता**
गोरखा, २३ माघ

गोरखाको गण्डकी गाउँपालिकाले पालिकाभित्रका गर्भवती तथा दीर्घरोगीका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सुरुआत गरेको छ ।

चालु आर्थिक वर्ष २०८०/०८१ मा विनियोजित बजेटमार्फत पालिकाभित्रका सबै गर्भवती तथा दीर्घरोगीका लागि स्वास्थ्य बीमा गर्न सुरु गरेको गाउँपालिकाका अध्यक्ष दीपक तिमल्सिनाले जानकारी दिनुभयो । "पालिकाले दीर्घरोगी र गर्भवतीका लागि वार्षिक रु एक लाखसम्मको स्वास्थ्य बीमाको थालनी गरेको छ", उहाँले भन्नुभयो, "स्वास्थ्य बीमा कार्यक्रमले लक्षित परिवारमा अबदेखि सहज स्वास्थ्य सेवाको पहुँच पुग्नेछ ।" गाउँपालिकाले वडा नं ६ बाट विश्व ' क्यान्सर' दिवसका अवसर पारेर स्वास्थ्य बीमा कार्यक्रमको थालनी गरेको छ । आग्रीडाँडा सामुदायिक स्वास्थ्य एकाइमा ' क्यान्सर'पीडित परिवार तथा गर्भवतीलाई स्वास्थ्य बीमा फारम उपलब्ध गराएर बीमा कार्यक्रमको औपचारिक सुरुआत गरिएको उहाँको भनाइ छ । कार्यक्रम सुरु भएसँगै पालिकाभित्रका सबै गर्भवती तथा सूचीकृत भएका दीर्घरोगीलाई निःशुल्क स्वास्थ्य बीमा उपलब्ध गराउँदै जाने प्रमुख तिमल्सिनाले जानकारी दिनुभयो । "कार्यक्रमबाट गर्भवतीको सुत्केरी हुँदा लाग्ने खर्च तथा आमा र बच्चाको स्वास्थ्योपचारमा खर्च न्यूनीकरण हुनेछ", उहाँले भन्नुभयो, "नियमितरूपमा औषधि सेवन गर्नुपर्ने तथा उपचार गर्नुपर्ने दीर्घरोगीका लागि कार्यक्रमले उपचारका लागि थप सहज हुनेछ भन्ने अपेक्षा गरिएको छ ।" गण्डकी गाउँपालिकाभित्र अहिलेसम्म सूचीकृत भएका ८४ दीर्घरोगी छन् । दीर्घरोगी तथा गर्भवतीलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमका लागि गाउँपालिकाले चालु आर्थिक वर्षका लागि रु १० लाख बजेट विनियोजन गरेको थियो । कार्यक्रम अब निरन्तर चल्नेछ । बीमा गर्दा गर्भवती तथा दीर्घरोगीका परिवारका पाँच जना सदस्यको समेत निःशुल्क स्वास्थ्य बीमा हुने गाउँपालिकाले जनाएको छ ।

# नेपाल साफ फुटबल च्याम्पियनसिपबाट बाहिरियो

**रासस**
काठमाडौं, २३ माघ

नेपाल दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-१९ महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताबाट बाहिरिएको छ । लिग चरणको अन्तिम खेलमा आज भारतसँग पराजित भएसँगै नेपाल प्रतियोगिताबाट बाहिरिएको हो ।

बङ्गलादेशको ढाकामा भएको खेलमा नेपाल भारतसँग ४-० गोलअन्तरले पराजित भएको हो । जितसँगै भारत प्रतियोगिताको फाइनलमा पुगेको छ । भारतले पहिलो खेलमा भुटानलाई १०-० गोलले हराएको थियो । दोस्रो खेलमा बंगलादेशसँग भने भारत १-० गोलले पराजित भएको थियो । यस्तै नेपाल पहिलो खेलमा बंगलादेशसँग ३-१ गोलले पराजित भएको थियो भने दोस्रो खेलमा भुटानसँग १-० गोलले विजयी भएको थियो । भारतसँगको खेलमा पहिलो हाफमा गोलरहित बराबरी खेलेको नेपालले दोस्रो हाफमा भने चार गोल खान पुग्यो । भारतका लागि नेहाले दुई तथा सुलन्जना राहुल र सिन्डी कोल्नीले एक एक गोल गरे । खेलको ५४औं मिनेटमा भारतका लागि नेहाले पहिलो गोल गरेकी थिइन् भने ८१औं मिनेटमा उनले दोस्रो गोल गरिन् ।

# म्याग्दीका घुम्ती गोठ रित्तिँदै

पोखरापत्र संवाददाता
म्याग्दी, २३ माघ

शरीरका लुगाफाटा च्यातिएका छन् । कपाल र दारी फुलेर सेता भएका छन् । गालाका छाला चाउरी पर्न थालिसके । तर उमेरले ७० वर्ष पार गर्नुभएका धवलागिरि गाउँपालिका–५ मल्कबाङ्का हिराप्रसाद तुलाचन अझै गोठालो जीवनमै सक्रिय हुनुहुन्छ । उमेरले बुढ्यौली लागेर न्यानो र आरामदायी जीवनयापन खोज्न थाले पनि उहाँको जिन्दगी भने भकारीले छाएका गोठमा हिमपात, वर्षा र चिसोसँग सामना गर्दै बित्ने गरेको छ ।

गोठमा भैँसीलाई चरनखर्कमा चराउने, घाँस दाउरा काट्नेदेखि बिहान–बेलुका गोठमा वस्तुभाउको स्याहारसुसार, कुँडो–भकारोको काम उहाँको नियमित दैनिकी हो । जीवनको अधिकाश समय गोठमा बिताउनुभएका उहाँको भैँसीगोठमा अहिले नौवटा भैँसी छन् । उहाँले परम्परागतरूपमा घुम्तीगोठ राखेर भैँसीपालन गर्दै आउनुभएको छ ।

बर्खायाममा लेकाली बुकीहरूमा पुर्‍याउने घुम्तीगोठ हिउँदयाममा भने बेँसी फाँटसम्म ल्याउने गरिन्छ । घुम्तीगोठलाई यहाँका पशुपालक किसानले ख्वाचौर, एकराते, नेपाने, नयाँबन, च्यामली, रुख्लगायतका लेकाली बुकीहरूमा गोठ सार्ने गर्छन् । गाउँको फेदीबाट बग्ने कालीखोलाको किनारमा रहेको काफलडाँडाको फाँटमा गोठ राख्नुभएका किसान तुलाचनको गोठमा रहेका भैँसीमध्ये एक दुहुनो र तीनवटा ब्याउने भैँसी छन् । "म सानैदेखि गोठमै हुर्किएको हुँ, बुवाआमा पनि गोठमा बस्नुहुन्थ्यो, हुन त देश–विदेश पनि घुमेँ, भनेजस्तो नभएपछि गाउँ फर्किएर पुर्खाकै पेसा अँगालेर गोठाला बनेको हुँ", उहाँले भन्नुभयो ।

रोजगारीका लागि कोरिया गए पनि छ महिनामै फर्कनुपरेको र पुनः जापान जाने तयारी गरे पनि सफल नभएपछि गाउँ फर्किएको उहाँको भनाइ छ । गाउँ आएपछि सुरुमा कास्कीको नौडाँडाबाट म्याग्दी सदरमुकाम बेनीसम्म सामान ढुवानी गर्नेगरी खच्चड व्यवसाय सुरु गर्नुभएका तुलाचनले दुई महिनामै आफ्नो पुर्ख्यौली पेसा घुम्तीगोठमा पशुपालन सुरु गरेको विगत स्मरण गर्नुभयो । परिवारमा छ दाजुभाइ रहे पनि अन्यले काठमाडौँ, बुटवल, थाकखोलालगायतका ठाउँमा व्यापार व्यवसाय गरे पनि आफूले पुर्ख्यौली घुम्तीगोठलाई निरन्तरता दिएको उहाँको भनाइ थियो । करिब १५ वर्षसम्म भेडाबाख्रापालन गर्नुभएका तुलाचनले दुई दशकदेखि भने भैँसीपालन गर्दै आउनुभएको छ । बीस–पच्चीसवटासम्म भैँसी पाल्ने गर्नुभएका उहाँले उमेर बढ्दै र कामको दौडधुप गर्ने शक्ति घट्दै गएपछि भैँसीको सङ्ख्या घटाउँदै लगेको जानकारी दिनुभयो ।

गोठबाट दूध दिने भैँसी, राँगा र घिउ बिक्री गरेर हुने आम्दानीबाट आफ्नो घरखर्च चलेको उहाँले बताउनुभयो । बेनीमा होटल व्यवसाय गर्ने आफ्नो छोरीसँगै श्रीमती पनि बजारमा बस्न थालेपछि तुलाचन भने गाउँकै घुम्तीगोठमा रमाउनुभएको छ । "मलाई पनि गोठ नबस्न परिवारले भन्दै आएका छन्, तर तल बजारमा गएर म बस्नै सक्दिनँ, बजारतिर त रोग पनि के–के हो के–के लाग्ने, गाउँकै चिसो हावापानीमा बस्दा मलाई खुसी मिलेको छ, मेरो तागतले भ्याएसम्म म गोठमै उकाली–ओराली गर्ने सोचमा छु", उहाँले भन्नुभयो ।

घुम्तीगोठ भएकाले खर्क र बुकीमा गोठ सारिरहनुपर्ने र यसका लागि काम गर्ने व्यक्तिलाई ज्याला दिनुपर्दा गोठको दुःख आफूलाई आम्दानी जति गोठलाई हुने गरेको उहाँले बताउनुभयो । "एक ठाउँमा गोठ बनाउन, तीन–चारजना मानिस चाहिन्छ, ठाउँ–ठाउँमा सरकारले घुम्तीगोठको अस्थायी टहरा बनाइदिए सहज हुने थियो, हामी गोठालाको कुरा कसले सुन्ने", उहाँले दुखेसो पोख्नुभयो ।

गाउँबाट घुम्ती गोठ रित्तिन थालेका छन् । बढ्दो वैदेशिक रोजगारका कारण गोठमा युवापुस्ताको आकर्षण छैन । गोठ बस्ने दौतरी गाउँ र सहर पसेपछि साथी भेट्नसमेत मुस्किल पर्ने गरेको उहाँ गुनासो गर्नुहुन्छ । तुलाचनको उमेरका गोठ बस्ने व्यक्ति अहिले गोठमा भेटिन कठिन हुने मल्कबाङ्का भेडापालक किसान देवान छन्त्यालले बताउनुभयो । उहाँले गोठमा गरिने परम्परागत पशुपालन व्यवस्थित र व्यावसायिक नहुँदा युवापुस्तालाई यो पेसाले आकर्षण गर्न नसकेको जानकारी दिनुभयो ।



आलु खेती : आँधीखोला गाउँपालिका–१, अन्तर्गत आलु पकेट क्षेत्र त्रिवेणीमा बारीमा आलु लगाउने तयारी गर्दै स्थानीय कृषक । गाउँपालिकाले आलुको बिउ, बिजन, प्राविधिक ज्ञान, उत्पादन र बजारिकरणमा सहयोग गर्न थालेपछि गाउँलेहरु आलु खेतीमा आकर्षित हुँदै गएका छन् । तस्वीरः नारायण विक/रासस

# देवघाटमा पुरातत्व विभागद्वारा पञ्चदेवल निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, २३ माघ

तनहुँको देवघाट गाउँपालिका–५ स्थित मणिमुकुन्देश्वर चक्रवर्ती महादेव मन्दिर परिसरमा पुरातत्व विभागले पाँच सय वर्षअघिका पञ्चदेवलको पुनःनिर्माण गरेको छ । पुरातत्व विभागद्वारा तीन वर्षअघि उत्खनन गरिएको स्थानमा मन्दिर निर्माण गरिएको हो ।

विभागको टोली मन्दिर परिसरको पाँचवटा मन्दिर (पञ्चदेवल)को उत्खनन गरेको थियो । पाँच सय वर्षअघि सोह्रौँ शताब्दीमा तत्कालीन पाल्पाली राजा मणिमुकुन्द सेनले त्रिशूली र कालीगण्डकीको सङ्गम देवघाटमा आई ध्यान गरी विभिन्न मठमन्दिर र देवालयको निर्माण गरेको बताइएको छ । विभिन्न प्रमाणका आधारमा त्यस समयमा निर्मित मठमन्दिर र देवालयको शैली, ढाँचा र शिल्पीको पहिचान गर्न उत्खनन् गरिएको पुरातत्व विभागले जनाएको छ । मन्दिर परिसरमा रहेका पाँच मन्दिरमध्ये चक्रवर्ती महादेवको मन्दिरको यसअघि नै रु ८० लाखको लागतमा पुनःनिर्माण सम्पन्न गरिएको थियो । बाँकी चार मन्दिरको उत्खनन गरी हालै पुनःनिर्माण सम्पन्न भइसकेको छ । उत्खननका क्रममा शताब्दिऔँ अघिको शिलालेख र कुरुवामा पैसाको सिक्का भेटिएको देवघाट क्षेत्र विकास समितिका पूर्वअध्यक्ष शिवराज पौडेलले जानकारी दिनुभयो । उत्खनन तथा पुनःनिर्माणमा विभागका प्राविधिकसहित पाँच र गैरप्राविधिक मजदुरसहित २५ खटिएका थिए । उत्खननका क्रममा मुख्य मन्दिरको गर्भ भागमा शिवलिङ्ग भेटिएको उहाँले बताउनुभयो । उहाँका अनुसार उक्त शिवलिङ्ग भेटिएपछि उक्त मन्दिर महादेवको मन्दिर रहेको पुष्टि भएको थियो । उक्त मन्दिर मुकुन्देश्वर महादेवको नामले चिनिन्छ । पाल्पाका तत्कालीन राजा मुकन्द सेनले स्थापना गरी पूजाआजा गरी मानी आएकाले यसको नाम मुकुन्द ईश्वर हुँदै मुकुन्देश्वर महादेव भयो भन्ने भनाइ रहेको बताइन्छ । जुन–जुन स्थानमा उत्खनन गर्दा जे प्रमाण भेटिन्छ सोहीअनुसारको मन्दिरको पुनःनिर्माण गरिएको थियो । उत्खनन कार्यपश्चात त्यसको प्रतिवेदनका आधारमा मन्दिर पुनःनिर्माणको ढाँचा र शैली तयार भएको थियो । पूर्व अध्यक्ष पौडेलका अनुसार पुरातत्व विभागबाट शिला कुँदेर मन्दिर पुनःनिर्माण गर्दा सिमेन्ट र छडको प्रयोग गरिएको छैन । ऐतिहासिक, पौराणिक एवं पुरातात्विक महत्वको पावन तीर्थस्थल देवघाटधाममा रहेका यस्ता सम्पदाको संरक्षण गर्नसके धार्मिक पर्यटनको विकास गर्न सकिने उहाँको भनाइ छ ।

# महानगरभित्रकै पीडा : वर्षामा एक घण्टा बढी पैदल, हिउँदमा बाँसको फड्के

रासस
गण्डकी, २३ माघ

पोखरा महानगरपालिका वडा नं २४ बास्कोट र वडा नं २३ चापाकोटलाई भएर बग्ने हर्पन खोला यस क्षेत्रका स्थानीयका लागि ठूलै समस्या बनेको छ ।

वर्षामा खोलाले गर्ने गरेको कटानका कारण स्थानीय समस्यामा छन् नै त्यस समयमा खेतीपाती गर्नका लागि आवतजावत गर्ने पुल नजिकै नहुँदा एक घण्टाभन्दा बढी हिँड्नुपर्ने विवशता यहाँका स्थानीयले वर्षौंदेखि भोग्दै आएका छ । अधिकांश बास्कोटवासी खेतीपातीका लागि चापाकोटमा आउने र चापाकोटवासी बास्कोटतिर जाने भएकाले पुलको अभावमा वर्षौंदेखि समस्या भेल्दै आएको स्थानीय मानबहादुर जिसीले बताउनुभयो ।

"हर्पन खोलामाथि नजिकै पुल नहुँदा बास्कोटबाट चापाकोट आवतजावत गर्न एक घण्टाभन्दा बढी हिँड्नुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो, "यहाँबाट माथि बाम्दी पुगेर मात्रै पुल तर्न पाइन्छ भने तल पामे बजार नै निस्कनुपर्छ ।" पुलको अभावमा वर्षौंदेखि आफूहरू समस्यामा परिरहेको उहाँले बताउनुभयो । हिउँदका समयमा बाँसको फड्के हालेर गुजारा गर्ने गरिए पनि वर्षातमा खेती गर्न जानका लागि त्यो पनि सम्भव नरहेको स्थानीयवासी बताउँछन् । बास्कोट तथा चापाकोट यस क्षेत्रका पुराना बस्ती हुन् । नेपालका बाइसेचौबिसे राजाका पालामा कास्कीकोटमा राज्य गरी बस्ने राजाहरू सिकार खेल्न आउँदा यही बास बस्ने भएकाले त्यसै समयदेखि यस ठाउँको नाम बास्कोट रहन गएको हो । हर्पन खोलाको कटानसँगै बास्कोट माथिबाट आउने ढन्डुरा खहरे खोलाका कारण प्रत्येक वर्षातको समयमा यस क्षेत्रका बस्ती जोखिममा परिरहेको जिसीले बताउनुभयो । खोलाले वर्षातमा तहसनहस बनाउने गरेको बताउँदै उहाँले यसको प्रभाव नियन्त्रणका लागि पनि राज्यको सहयोग आवश्यक भएको बताउनुभयो । ढन्डुरा खोला हर्पन खोलामा आएर मिसिन्छ । पोखराको पर्यटकीय गन्तव्य फेवातालको सिरान भएका कारण यसलाई पर्यटनसँग जोड्नका लागि स्थानीयले पहल थालेका छन् । स्थानीय सक्रियतामा गठित सिर्जनशील क्लबको पहलमा बास्कोटस्थित हर्पन खोलाको किनारामा वनभोजस्थल निर्माण गरिएको क्लबका अध्यक्ष शिव जिसीले जानकारी दिनुभयो ।

स्थानीय सक्रियतामा दुई महिनायता वनभोजस्थललाई व्यवस्थित गर्न खोजिएको बताउँदै उहाँले पोखराका विभिन्न स्थानबाट वनभोजका लागि समूहसमूहमा मानिस आउने गरेको जानकारी दिनुभयो । क्लबले वनभोजस्थल उपयोग गरेबापत प्रतिस्थलको रु दुई हजार लिने गरिएको बताउँदै उहाँले यसबीचमा ५५/५६ समूह वनभोजका लागि आइसकेको जानकारी दिनुभयो । "हामी वनभोजस्थलका माध्यमबाट यहाँको पर्यटकीय विकासलाई जोड दिएका छौँ", उहाँले भन्नुभयो, "यसबीचमा वनभोजस्थलबाट आएको रकम सडक बत्ती, सरसफाइआदिमा उपयोग गर्न थालिसकिएको छ ।"

खोलाको किनारमा रहेको फराकिलो फाँटमा विभिन्न प्रजातिका चराको चिरविराहट सुन्दै वनभोज खान पाउनु यहाँको विशिष्टता रहेको नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले बताउनुभयो । नाट्टा गण्डकी प्रदेशले हालै बास्कोटमा पारिवारिक वनभोज सम्पन्न गरेको बताउँदै उहाँले यसको प्रवर्द्धन र विकास गरेमा यसबाट यहाँका स्थानीयले अधिकतम लाभ लिनसक्ने देखिएको बताउनुभयो ।

पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाइडको नजिकै रहेर पनि विकासका दृष्टिले यो क्षेत्र अझै पनि पछाडि परेको स्थानीय भरतबहादुर देवकोटाले बताउनुभयो । यस क्षेत्रमा विगतमा स्कुल तथा वडाले विभिन्न नाममा वितरण गरिएका ४३ रोपनी क्षेत्रफलका प्रतिजग्गा रहे पनि तिनीहरूको समुदायबाट उपयोग हुने अवस्था नरहेको स्थानीयवासी बताउँछन् । समुदायमा सामुदायिक भवन, मन्दिरआदि संरचना निर्माणका लागि जग्गा उपलब्ध नहुँदा समस्या पर्ने गरेको बताउँदै स्थानीय मानबहादुर जिसीले जग्गाकै अभावमा बाटोलगायत समस्या भोग्नुपरेको बताउनुभयो । समुदायमा एक वडा एक फुटबल मैदानको अवधारणामा पाँच/छ वर्षअघि फुटबल मैदान निर्माण सुरु गरिए पनि त्यो अहिलेसम्म सम्पन्न हुन नसकेको उहाँले जानकारी दिनुभयो ।

# स्यालेको दलित बस्तीमा घरघरमै धारा

रासस
पर्वत, २३ माघ

खानेपानीको समस्या भेल्दै आएको पर्वतको कुश्मा नगरपालिका वडा नं १४ आर्थरडाँडाखर्कको स्यालेको दलित बस्तीमा 'एक घर एक धारा'मार्फत पानी वितरण गरिएको छ । आँगनमै धाराको पानी उपभोग गर्न पाएपछि यहाँका ३६ घरपरिवार हर्षित बनेका छन् । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङले रु ३२ लाख ३५ हजारको लगानीमा एक घर एक धारा विस्तार गरेको हो । गत सातादेखि सबै घरमा पानी वितरण गरेर उपभोग गर्न थालेको वडा नं १४ आर्थरडाँडाखर्कका वडाध्यक्ष रुद्रमोहन रिमालले बताउनुभयो ।

जन्मेदेखि नै खानेपानीको सास्ती भोग्दै आएकी स्थानीय माया विकले घरमा चौबिसै घन्टा पानी आउँदा निकै खुसी लागेको बताउनुभयो । खानेपानीकै लागि गरेको दुःख सङ्घर्षका दिन सम्झिँदै उहाँले भन्नुभयो, "गाउँमा खानेपानी नहुँदा कुवाको पानी खान बाध्य थियौँ, बर्खामा हिलाम्मे र हिउँदमा सुक्खा हुन्थ्यो, त्यही समस्या सदिऔँदेखि भोग्दै आएका थियौँ, अहिले अन्त्य भएको छ ।" उहाँले खानेपानीको समस्या समाधानका लागि पहल गर्नेप्रति धन्यवाद दिँदै पानीले जीवनमा नयाँ आयाम थपेको बताउनुभयो । महिला स्वास्थ्य स्वयंसेविका रहेकी विकले दूषित र दुर्गन्धित पानीका कारण समुदायमा विभिन्न प्रकोपका रोग फैलिएको बताउँदै अब दूषित पानीका कारण कोही पनि रोगी हुनुपर्ने अवस्था नआउने बताउनुभयो । पानी अभावले पिउनेमात्र होइन नुहाउने र लुगा धुने समस्या समाधान भएको स्थानीय धनबहादुर विकले बताउनुभयो । "मानिस र पशुलाई पुग्दो पिउन थिएन, यति मात्र होइन, हाम्रा गाउँमा छोरी दिन पनि मान्दैनथे, विवाहजस्ता काम गर्दा खोला धाउनुपर्ने अवस्था थियो", विकले भन्नुभयो, "पानीको जोहो गर्न दैनिक घन्टौँ समय बिताउनु पर्दथ्यो, अहिले दिनचर्या नै फेरिएको छ ।"

घरघरमा शुद्ध खानेपानी पुगेपछि स्याले गाउँको सिङ्गो बस्ती अहिले निकै हर्षित बनेको हो । स्याले बस्तीमा ३६ घरधुरी छन् । आर्थर डाँडाखर्कवासीलाई स्वच्छ र गुणस्तरीय खानेपानी सहजरुपमा उपलब्ध गराउन आर्थिक वर्ष २०७४/७५ मा विस्तृत सर्वेक्षण गरिएको थियो । सर्वेक्षणमा दुई सय ९५ घरधुरीलाई खानेपानीको सेवा पुऱ्याउने उद्देश्य लिइएको थियो । रु छ करोड ५५ लाख ५९ हजार पाँच सय १४ लागत लागत अनुमान स्वीकृत गरी १३ बटा योजनामार्फत आर्थरवासीलाई शुद्ध खानेपानी पुऱ्याउन लागिएको खानेपानी कार्यालय बागलुङका शाखा अधिकृत टेकनारायण सुवेदीले जानकारी दिनुभयो । तेह्र योजनामध्येयोदोस्रोयोजनाकारुपमा स्यालेडाँडा खानेपानी आयोजनाले ३६ घरधुरीलाई शुद्ध खानेपानी उपलब्ध गराइएको हो । विसं २०७९ पुस १४ गते आर्थर खानेपानी उपभोक्ता समिति र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङबीच रु ३२ लाख ३५ हजारको लागतमा योजना सम्झौता भएको सुवेदीले बताउनुभयो । गाउँमा सम्झौताबमोजिम खानेपानी धारा निर्माण भएर धारामा पानी भरेपछि आर्थरवासीमा सहज भएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष पदमबहादुर क्षेत्रीले जानकारी दिनुभयो ।


## कर्जा तिर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/१०/२४)

यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.को पोखरा -९ नयाँबजार कास्कीको तपशिल बमोजीम उल्लेखित ऋणीले घर /जग्गा कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको समयावधि भित्रमा तिर्नु, बुझाउनुपर्ने रकम तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तार ताकेता गर्दा समेत नतिरी /नबुझाई ऋण सम्बन्धी शर्त बन्देजहरुको उल्लङ्घन गर्नुभएकोले कर्जा चुक्ता गर्न आउने बारेको यो ३५ (पैतिस) दिने सार्वजनीक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीले कर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता/ भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र सहकारी संस्थालाई तिर्नु/बुझाउनेपर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जना र ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस सहकारी संस्था बिच भएको लिखितको शर्तअनुसार ऋणी तथा धनजमानीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा संस्थाको नाममा धितोबन्धकमा राखिएको घर /जग्गा नियन्त्रणमा लिई लिलाम बिक्री गर्नुका साथै नपुग रकम ब्यक्तिगत धनजमानी दिने तपसिलका व्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको हक लाग्ने चल अचल सम्पतीबाट समेत जिल्ला अदालतमा मुद्दा चलाई चल र अचल सम्पती बिक्री गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा धनजमानीलाई यसै सूचनाद्धारा जानकारी गराउँदछौं ।

तपशील

ऋणीको नाम : रजनी श्रेष्ठ
बुवा : ओम कुमार श्रेष्ठ
श्रीमान : चक्र बहादुर श्रेष्ठ
ससुरा : मान बहादुर
ठेगाना : पोखरा-४ गैह्रापाटन, कास्की मफेरीपाटन, कास्की



धन जमानीको नाम : चक्र बहादुर श्रेष्ठ
बुवा : मान बहादुर नगरकोटी
बाजे : चक्रमान नगरकोटी
ना.प्र.प.: ४२३५/धादिङ
मितिः २०५०/११/०८
ठेगाना : पोखरा -४, गैह्रापाटन
व्यवसाय : रिदम टुर्स एण्ड ट्राभल्स गैह्रापाटन, पोखरा-४



धन जमानीको नाम : सबिता कर्माचार्य
बुवा : भक्त मान श्रेष्ठ
बाजे : भिम नारायण श्रेष्ठ
श्रीमान : प्रबिन कर्माचार्य
ना.प्र.प.:४६१००१/१७१७७ कास्की
मितिः २०६८/०८/०९
ठेगाना : पोखरा -९, बगालेटोल, कास्की



धन जमानीको नाम : ऋचा श्रेष्ठ
बुवा : चक्र बहादुर श्रेष्ठ
बाजे : मान बहादुर नगरकोटी
ना.प्र.प.: ४६-०१-७५-०६६३०
कास्की मितिः२०७५/१०/०२
ठेगानाः पोखरा ४,गैह्रापाटन, कास्की



धितो विवरण

| क.स | घर/जग्गा धनी | घर/जग्गा रहेको ठेगाना | कि.न | क्षेत्रफल/वर्गमीटर |
|---|---|---|---|---|
| १ | रजनी श्रेष्ठ<br>ना.प्र.नं. ४६-०१-७३-०७६१०<br>मितिः २०७३/०९/०५ कास्की | पोखरा -१८, कास्की | ७१ | ०-०-०-०/<br>१५५.९७ |

**महालक्ष्मी आर्थिक सहकारी संस्था लि.**
**पोखरा -९, नयाँबजार, कास्की**
फोन नं. : ०६१-५८९३९१